

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ३१७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० मंसिर २६ गते मंगलबार ❑ 12 Dec. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## सहमतिका आधारमा सङ्घीयताका बाँकी काम टुङ्गो लगाउनुपर्छ : सभापति देउवा

पोखरापत्र संवाददाता
पोखरा, २५ मंसिर

नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले राष्ट्रिय सहमतिका आधारमा सङ्घीयताका बाँकी काम टुङ्गोमा पुऱ्याउनुपर्ने बताउनुभएको छ ।

धनुषाको औरही गाउँपालिका-४ मा सोमबार नेपाली कांग्रेसका पुराना नेता एवं धनुषा निर्वाचन क्षेत्र नं २ का पूर्वसभापति राजकिशोर सिंह राजपुतको सालिक अनावरण गर्नुहुँदै सभापति देउवाले सङ्घीयतालाई बलियो बनाउन प्रदेशलगायत निकायले उठाइरहेका सवाल सम्बोधन गर्न राष्ट्रिय सहमतिको आवश्यकता औँल्याउनुभयो ।

सभापति देउवाले प्रजातन्त्रका लागि पञ्चायतकालदेखि नै सक्रिय नेपाली कांग्रेसका प्रतिबद्ध नेता सिंहले पार्टी सङ्गठन र परिवर्तनका लागि भएका आन्दोलनमा पुऱ्याएको योगदानको सम्मानका लागि पनि पार्टी नेता कार्यकर्तालाई क्रियाशील हुन आग्रह गर्नुभयो ।

"स्वर्गीय सिंह पार्टीको सम्पत्ति हुनुहुन्छ, उहाँको अनुपस्थितिले हाम्रो पार्टी र लोकतान्त्रिक आन्दोलनलाई ठूलो क्षति भएको छ । त्यो क्षतिपूर्तिका लागि हामी सबैले उहाँको सपना सकार गर्न लाग्नुपर्ने पर्छ । त्यसका लागि क्रियाशील हुन म अनुरोध गर्दछु", सभापति देउवाले भन्नुभयो । कार्यक्रममा पार्टीका पूर्वउपसभापति एवं प्रतिनिधिसभा सांसद विमलेन्द्र निधिले संविधानअनुसार दुई-दुईपटक निर्वाचन भइसक्दा पनि सङ्घीयता कार्यान्वयनको महत्वपूर्ण काम बाँकी रहेको भन्दै दलहरूले गम्भीर बन्नुपर्नेमा जोड दिनुभयो । उहाँले परिवर्तनका लागि भएका सबै आन्दोलनको नेतृत्व मधेस र कांग्रेसले गरेका भन्दै सङ्घीयता कार्यान्वयनको नेतृत्व पनि कांग्रेसले नै गर्नुपर्नेमा जोड दिनुभयो । आगामी महासमिति बैठकमा सङ्घीयतासँग जोडिएका बाँकी काम, प्रदेशलाई बलियो बनाउन प्रहरी प्रशासन, निजामती कर्मचारी, स्थानीय तहले काठमाडौँ धाउनुपर्ने अवस्था अन्त्य गर्ने विषय मुख्य एजेन्डा बनाएर अगाडि बढ्नुपर्ने उहाँको भनाइ थियो । त्यसैगरी पार्टी सहमहामन्त्री महेन्द्र यादवले कांग्रेस बलियो भएमा मात्रै सङ्घीयता, मधेस र देश बलियो हुने भन्दै आगामी दिनमा पार्टीलाई थप बलियो बनाउन सबै एकढिक्का हुनुपर्ने धारणा राख्नुभयो ।

## पोखरा पर्वतीय संग्रहालयमा 'काटोग्राफिक म्याप'

पोखरापत्र संवाददाता
पोखरा, २५ मंसिर

पोखरा अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालयमा नेपालको सम्पूर्ण भेगको जैविक, भौगोलिक तथा सांस्कृतिक स्थिति देखिने गरी 'काटोग्राफिक म्याप' स्थापना गरिएको छ । नेपालका राष्ट्रिय निकुञ्ज, जैविक तथा सांस्कृतिक विविधता देखिने गरी एसिमोडले नक्सा बनाइदिएको हो ।

पोखरामा जारी आठौं अन्तर्राष्ट्रिय महोत्सवको अवसरमा इसिमोडकी



प्रतिनिधि छिमी सेल्डन, गण्डकी प्रदेशका राप्रपा संसदीय दलका नेता पञ्चराम तमुसहितले काटोग्राफी

बाँकी अन्तिम पृष्ठमा ▶▶

## तीस हजार काठका खम्बा विस्थापन

पोखरापत्र संवाददाता
पोखरा, २५ मंसिर

गण्डकी प्रदेशभित्र विद्युत् विस्तारमा प्रयोग भएका ३० हजार चार सय ८१ काठका जीर्ण खम्बा हटाइ फलामका खम्बा राखिएको छ । प्रदेश सरकार स्थापना भएयता सो सङ्ख्यामा काठका खम्बा विस्थापन गरिएको हो ।

स्थानीय तह र नेपाल विद्युत् प्राधिकरणसँगको साझेदारीमा काठका खम्बा विस्थापनको काम भइरहेको प्रदेशको ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयले जनाएको छ । मन्त्रालयको ऊर्जा शाखाका प्रमुख इञ्जिनियर जीवन श्रेष्ठका अनुसार थप ७० हजार काठका र अन्य जीर्ण खम्बा हटाउने लक्ष्य लिइएको छ । "काठका खम्बा विस्थापन मन्त्रालयको प्राथमिकता छ । 'उज्यालो गण्डकी प्रदेश'को लक्ष्य पूरा गर्न पनि विद्युत् प्रसारण लाइन सुधार गर्नुपर्ने आवश्यकता छ", उहाँले भन्नुभयो, "मुख्यगरी ग्रामीण भेगमा विद्युत् आपूर्तिका लागि प्रयोग गरिएका काठका खम्बा बढी छन् ।" नेपाल विद्युत् प्राधिकरणको पोखरा वितरण केन्द्रका प्रशासन प्रमुख प्रदीप भुवाजीले सो केन्द्रको सेवा क्षेत्रमा झण्डै सात हजार काठका खम्बा रहेका जानकारी दिनुभयो । अन्नपूर्ण गाउँपालिकामा छ सय ५०, माछापुछ्रे गाउँपालिकामा एक सय ७० र पोखरा महानगरभित्र छ हजार बढी काठका खम्बा हटाउनुपर्ने उहाँले उल्लेख गर्नुभयो । "पोखरामा ४० वर्षअघिको विद्युत् लाइन छ ।

पुरानो विस्थापित गरेर नयाँ राख्नुपर्ने अवस्था छ", भुवाजीले भन्नुभयो, "स्थानीय तह र प्रदेश सरकारसँग मिलेर यो कामलाई अगाडि बढाउँदैछौँ ।" उपभोक्ताबाट छ हजार बढी खम्बाको माग आएको उहाँले बताउनुभयो । पोखरा उपत्यकाभर पुराना खम्बा र तार विस्थापनका लागि ठूलो बजेट चाहिने प्रमुख भुवाजीको भनाइ थियो । "बजेट प्रस्ताव गरेर केन्द्रमा पठाएका छौँ । बजेट कति आउँछ सोहीअनुसार यस वर्षको कामको योजना बन्छ", उहाँले भन्नुभयो । विद्युतीय दुर्घटना न्यूनीकरणका लागि जीर्ण विद्युत्का खम्बा र गुजुल्टिएका तार हटाउन अत्यावश्यक भइसकेको उहाँको भनाइ छ ।

अव्यवस्थित तार र खम्बाका कारण हुने दुर्घटनाबाट मानिसले ज्यान गुमाउनुपर्ने स्थिति छ । सवारीसाधन खम्बामा ठोक्किएर र करेन्ट लागेर त्यस्ता दुर्घटना हुने गरेका छन् । काठका खम्बाको आयु छ वर्ष हुने गरेकामा फलामको खम्बाको आयु भने ३० वर्षसम्म हुने प्राविधिक बताउँछन् ।

## सामुदायिक वनका महिला अध्यक्ष सम्मानित

पोखरापत्र संवाददाता
पोखरा, २५ मंसिर

लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानअन्तर्गत कास्कीका सामुदायिक वन उपभोक्ता समूहका १३ जना महिला अध्यक्षलाई सम्मान गरिएको छ । जिल्लास्थित सामुदायिक वन उपभोक्ता महासङ्घको आयोजना एवम् युएसएआईडि जलजङ्ग कार्यक्रमको आर्थिक सहयोगमा आज पोखरामा आयोजित एक कार्यक्रमकाबीच महिला अध्यक्षलाई सम्मान गरिएको हो ।

गण्डकी प्रदेशसभा सदस्य देवका पहारी त्रिपाठीले महिला अध्यक्षलाई सम्मानपत्रले सम्मान गर्दै प्राप्त अधिकारको उपयोग गरी थप अधिकारका लागि सम्पूर्ण महिला सङ्गठित भएर अघि बढ्नुको विकल्प नभएको बताउनुभयो । धार्मिक एवम् सांस्कृतिका आधारमा हुने हिंसाको अन्त्यका लागि प्रत्येक व्यक्ति तथा घरबाटै सुरुवात गर्नुपर्नेमा जोड दिँदै उहाँले महिला नेतृत्व विकासमा सामुदायिक वनले महत्वपूर्ण भूमिका खेल्दै आएको उल्लेख गर्नुभयो । 'हरियो वन नेपालको धन' भन्ने युक्तिलाई चरितार्थ गर्नका लागि सर्वसुलभ उपयोग नीति निर्माण गर्न आफ्नो तर्फबाट सक्दो प्रयास गर्ने प्रतिबद्धता जनाउँदै त्रिपाठीले स्वदेशी काठ वनमै कुहिएर खेर जाने र वार्षिकरुपमा खर्बौं मूल्य बराबरको विदेश काठ आयात हुने परिस्थितको अन्त्य हुनुपर्ने आवश्यकता औँल्याउनुभयो । जिल्ला समन्वय समितिका उपप्रमुख एवम् फेकोफनका केन्द्रीय सदस्य सरिता कुमालले झड्किलो दाइजो प्रथाले समाजमा दिनप्रदिन हिंसा बढाएको बताउँदै त्यसको अन्त्यका लागि सिङ्गो समाज सचेत हुनुपर्नेमा जोड दिनुभयो ।

महासङ्घका केन्द्रीय सदस्य हरि बाँस्तोलाले घर र समाजमा हुने लैङ्गिक हिंसा अन्त्यका लागि शिक्षा र रोजगारीमा जोड दिनुपर्ने आवश्यकता औल्याउँदै वनलाई समृद्धिको आधार बनाइनुपर्ने बताउनुभयो । वन महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष कालिदास सुवेदीले मुलुकका २२ हजार चार सय १५ सामुदायिक वन समूहले वनको संरक्षण, सम्वर्द्धन र विकासमा खेलेको भूमिकाको कारण आज नेपाल विश्वसामु सामूदायिक वनको देशका रुपमा परिचित भएको बताउनुभयो । महासङ्घका अध्यक्ष विश्वनाथ लामिछानेको अध्यक्षतामा भएको कार्यक्रममा युएसएआइडी जलजङ्गल कार्यक्रमका सुनिल चौधरी, जिल्ला महासङ्घका सचिव पर्वती सुवेदी, महासङ्घ मादी गाउँपालिका अध्यक्ष सिर्जना पौडेललगायतले समाजको लङ्गैगिक हिंसाको आवस्था र चुनौतीका बारेमा चर्चा गर्नुभएको थियो । 'लैङ्गिक हिंसा अन्त्यको सुनिश्चितता महिला र बालबालिकामा लागानीको एकेबद्धता' भन्ने मूल नाराका साथै 'म हिंसा गर्दिन र सहन्न' भन्ने सामूहिक प्रतिबद्धताबाट सुरु भएको कार्यक्रममा वन महासङ्घका केन्द्र, प्रदेश, जिल्ला र स्थानीय महासङ्घका पदाधिकारी तथा सदस्य, विभिन्न समूहका अध्यक्ष एवम् सचिव र सहयोगी संस्थाका प्रतिनिधिसहित ७० जनाको सहभागिता थियो ।

## पोखराका विभिन्न स्थानमा बालाचतुर्दशी पर्व मनाइयो

पोखरापत्र संवाददाता
पोखरा, २५ मंसिर

पोखराका विभिन्न स्थानमा यस बर्षको बालाचतुर्दशी पर्व मनाइएको छ । मुख्य गरी पोखरा २० भलाममा रहेको हरिहर गुफा सन्यास आश्रम, पोखरा १३ मा रहेको महाप्रभुधाम, पोखरा २४ को कश्यप तपोधाम, पोखरा १९ को घार्मी मणिमा रहेको ओमकारेश्वर महादेव मन्दिर, पोखराको भद्रकालि मन्दिर परिसर लगायतका क्षेत्रमा सदविज छर्दै बालाचतुर्दशी पर्व मनाइएको हो ।

बिषेश गरी पितृको सम्झनामा शतबीज छरी बालाचतुर्दशी पर्व मनाउने गरिन्छ यस पर्वको अवसरमा निराह व्रतवसी आफ्ना पितृको स्मृतिमा विभिन्न प्रकारका अन्नवाली सहित फलफुल छर्ने तथा चढाउने गरिन्छ । आश्रमका स्वामि पुर्यानन्द गिरीले यस बर्ष आश्रममा अघिल्ला बर्षको तुलनामा उत्साहजनक रुपमा सहभागि भएको बताए । बिहान ४ बजे देखि सतविज छर्नेहरुको निकै भिड भएको उहाँले दाबी गर्नु भयो । आश्रममा पन्चे बाजाले आगन्तुक भक्तजनहरुलाई स्वागत तथा मनोरन्जन प्रदान गरिएको थियो । त्यसै गरी पोखरा १३ को आर्वाविजय डाँडामा रहेको महाप्रभुधाममा सोमबार विहानै देखि सतविज छर्नेहरुको भिड लागेको थियो । महाप्रभुधाम रतनपाण्डे पर्यटकीय क्षेत्र विकास समितिका बुद्धि प्रकाश बरालले बताए । समितिले उक्त महाप्रभुधामसम्म जानको लागि काहुँखोलाबाट सहज यातायातको



लागि पोखरा यातायात प्रा.लि.को समन्वयमा बसको प्रबन्ध गरेको थियो । महाप्रभुधाममा विधि पूर्वक सोमबार पूजाआज रुद्रीपाठ सहित भजन कृतन गरिएको पोखरा १३ का वडा अध्यक्ष किरण बरालले बताए । पोखरा महानगरले यसै बर्ष उक्त क्षेत्रमा हाईमाक्ट लाइट समेत राखेको उनले जनाए । घरमा भएका सय प्रजातिका खाद्य तथा फलफुल पितृको स्मृतिमा छर्नो प्रचलन रहेको स्वामि गिरीले बताए । सतर्कम गर भन्ने मान्यता समेत रहेको दाबी गर्दै स्वामि गिरीले मंसिरमा घर घरमा हुने अन्नवाली अन्य क्षेत्रमा दिदा त्यसबाट पुण्य लाभ हुने विश्वास व्यक्त गरे । भगवान शिव र पार्वतीको मृगस्थलीको रुपमा रहेको उक्त तिर्थ स्थलमा रुद्राश्र र लप्सीका ५ सय भन्दा बढी रुख विरुवा रहेको उनको दाबी छ । भेटि सहित विभिन्न दाताबाट बाला चतुर्दशीको अवसरमा ७ लाख भन्दा बढी संकलन भएको आश्रमका महेन्द्रराज पौडेलले बताए । विं सं. २०४० देखि बाला चतुर्दशीको अवसरमा सतबिज छर्ने मेलाको आयोजना गरिदै आएको मेला प्रचार संयोजक रेशम खत्रीले जनाए । धार्मिक पर्यटन संगै हरेक वर्ष सतबिज छर्न १० हजार जना भन्दा वढी दर्शनार्थी आउने गरेको आश्रमले जनाएको छ । विं सं १९०६ सालमा तत्कालिन प्रधानमन्त्री श्री ३ जंग बहादुर राणाले हरिहर गुफा क्षेत्रमा रहेको करिव ४० रोपनी जग्गालाई संरक्षण गरी आश्रम बनाउन निर्देश भएदेखि उक्त ठाउ संरक्षण गरेको आश्रमका रामजी प्रसाद पौडेलले बताए । त्यस्तै गरी पोखरा २४ को कश्यप तपोधाममा बालाचर्तुदशी पर्व मनाइएको गुप्तकाली काश्यप धार्मीक क्षेत्र विकास समितिका सचिव ठाकुर प्रसाद त्रिपाठीले बताए । पर्वको अवसरमा कश्यप त्रिःषिले तपस्या गरेको धामको गरामा शिव ताण्डव नृत्य भजन नौमती वाजा समेत प्रर्दशन गरीएको उनले जनाए । विभिन्न ध्वजापताका र रंगरोगनले सजिएको मन्दिरमा विहानै देखि भक्तजनको भिड लागेको थियो । सद्धविज छर्न बिहादै देखि भिड लागेको थियो । पोखरा महानगरपालिका वडा नं. १९ स्थित घार्मी मणिमा रहेको ओमकारेश्वर महादेव मन्दिर परिसरमा समेत द्विज छरि बालाचर्तुदशी पर्व मनाईएको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष ढुण्डिराज पौडेलले बताए । विभिन्न ध्वजापताका र रंगरोगनले सजिएको मन्दिरमा विहानै देखि भक्तजनको भिड लागेको थियो । रुद्री पुजा सकेपछि मात्रै सद्विज छर्ने धार्मिक परम्परा भएपनि विहानै भक्तजनको भिड लागेको थियो । यसैबिच, पोखरा महानगरपालिका वडा नं. १२ ले बालाचतुर्दशीको अवसरमा वडाभित्रका वृद्धवृद्धाहरुलाई लमजुङ जिल्लाको कर्पुटारमा सतविज छर्न लगेको छ । विशेषगरि वृद्धवृद्धाहरु धार्मिक स्थलको भ्रमण र धार्मिक कार्यहरु गर्न रुचाउने भएकोले पनि विशेष दिन पारेर निशुल्क रुपमा वडाले कर्पुटार लैजाने व्यवस्था मिलाएको पोखरा १२ का वडाध्यक्ष सन्तोष बाँस्तोलाले बताउनु भयो । वडाध्यक्ष वास्तोलाका अनुसार वडाले यसअघि ज्येष्ठ नागरिकको घरघरमा पुगेर रगत परीक्षण, मृगौला, सुगर, हेमोग्लोबिन र पिसाब लगायतका परीक्षण गरेको छ ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरामा सुरु भयो मावि स्तरिय 'प्याब्सन स्पोर्टस मिट'

पोखरापत्र संवाददाता
पोखरा, २५ मंसिर



पोखरामा सोमबारबाट माविस्तरिय (कक्षा ९-१२) लक्षित प्याब्सन स्पोर्टस मिट २०८० सुरु भएको छ।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन (प्याब्सन) कास्कीको आयोजनामा उक्त स्पोर्टस मिट तिन दिन सम्म सञ्चालन हुने छ । उक्त प्रतियोगिताको एक कार्यक्रमका विच शिक्षा विकास निर्देशनालय गण्डकी प्रदेशका निर्देशक अम्विका प्रसाद आचार्यले गरेका छन् । सो अवसरमा बोल्दै निर्देशक आचार्यले यस प्रकारका प्रतियोगिताले भाइचाराको सम्वन्धलाई बलियो बनाउने संगै समाजलाई समेत अनुशासनतर्फ डोर्याउन भूमिका खेल्ने बताए ।

विद्यार्थीहरुकमा रहेको अर्न्तनिहित क्षमता प्रस्फुटन गर्दै शिक्षकहरुका विच समेत यस प्रकारका कार्यक्रम ल्याइनुपर्ने कुरामा जोड दिए । पोखरालाई शैक्षिक गन्तव्यको रुपमा विकास गर्न सिकाई संगै यसका सर्वपक्षिय विषयहरुलाई समेटेर लैजानु पर्ने उनको भनाई थियो ।

कार्यक्रममा जिल्ला शिक्षा समन्वय इकाई कास्कीका प्रमुख लोकनाथ आचार्यले शिक्षाको विकासका लागि खेलकुद सिकाईको अभिन्न पाटो रहेको उल्लेख गर्दै खेलकुदले मानवजिवनका लागि आवश्यकताका रुपमा रहेको अनुशासनलाई समेत स्थापित गर्न भूमिका खेल्ने बताए । कार्यक्रममा प्याब्सनका केन्द्रिय उपाध्यक्ष कृष्ण केसीले बालबालिकाको सर्वाङ्गिण विकासका लागि खेलकुद अपरिहार्य रहेको बताए । त्यसै गरि एन प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीले खेलकुदले विद्यार्थीहरुको सिकाईमा सकारात्मक प्रभाव पार्ने औंल्याउँदै राष्ट्रको गौरव बढाउन खेलकुद अपरिहार्य रहेको उल्लेख गरे ।

प्याब्सन कास्कीका अध्यक्ष मथुरा प्रसाद पौडेलको अध्यक्षतामा भएको उद्धाटन कार्यक्रममा वरिष्ठ उपाध्यक्ष उमा लामिछाने र सचिव पुष्पराज पराजुलीले समेत आफ्ना भनाई राखेका थिए । सो अवसरमा प्याब्सन कास्कीले विभिन्न समयमा आयोजना गरेका अतिरिक्त कृयाकलापमा विजेता विद्यार्थी तथा विद्यालयहरुलाई ट्रफी तथा प्रमाणपत्र समेत वितरण गरिएको थियो । यसै विच पहिलो दिन भएको छात्र भलिबलमा सोसियल पब्लिकले वेष्ट पोइन्टलाई २५-१८, २५-१४ ले, पश्चिमाञ्चलले विद्या निकेतनलाई २५-११, २५-१४ ले, केफले प्रतिभालाई २६-२४, २८-२६ ले, टप्सले पोखरा लनर्सलाई २५-४, २५-९ ले, स्पाइरल ग्यालेक्सीले हाभर्डलाई २५-१२, २५-१८ ले, रेन्वोले एक्स आर्मीलाई २५-११, २५-१४ ले, ताराकुञ्जले बालप्रभातलाई १५-२५, २५-२१ र २५-१९ ले, गुरुकुलले पोखरा युनाइटेडलाई २५-१२ र २५-१५ ले जित्दै दोश्रो चरणमा प्रवेश गरेको भलिबल संयोजक मोहनलाल पौडेलले जानकारी दिए । त्यस्तै छात्रा भलिबलतर्फ टप्सले विभुतीलाई २५-४, २५-६ ले, गुरुकुलले पश्चिमाञ्चललाई २५-२२, २५-१४ ले, नेशनल इन्भेन्टिभले नेपाल आदर्शलाई २५-२१, २५-१४ ले, केफले पोखरा युनाइटेडलाई २५-१६, २५-१२ ले र प्रतिभाले सवलाइमलाई २५-१५, २५-१३ को सोझो सेटमा पराजित गरे । त्यसै गरि सोमबार पहिलो चरणका छात्र-छात्रा टेबुल टेनिसका खेलहरु जारी रहेको संयोजक विष्णु तिमिल्सिनाले जानकारी दिए ।

बास्केटबल छात्रतर्फ सोमबार ८ खेल सम्पन्न भएको बास्केटबल प्रतियोगिताका संयोजक विधान गौतमले जनाएका छन् । गौतमका अनुसार बास्केटबल उद्धाटन खेलमा प्रतिभा माविले पोखरा लनर्सलाई ३१-१४ ले पराजित गरेका छ भने अन्य खेलमा स्पाइरल ग्यालेक्सी, मेरीगोल्ड, केफ, स्टेप वाई स्टेप, कुमुदिनी, मनकामना र बालोदयले पहिलो चरणका खेलहरु जितेका छन् ।

स्पोर्टस मिट अन्तर्गत छात्र-छात्रा भलिबल, छात्र-छात्रा बास्केटबल र छात्र-छात्रा टेबुल टेनिस हुने स्पोर्टस मिट प्रचार प्रसार संयोजक डिल्लीराम अर्यालले जानकारी दिएका छन् । स्पोर्टस मिटमा छात्र भलिबलमा २२ टिम र छात्रातर्फ १३, बास्केटबल छात्रतर्फ २५ टिम र छात्रातर्फ १२, यसै गरी टेबुल टेनिस छात्र सिंगल्समा २६ र छात्रा तर्फ २४, टेबुल टेनिस छात्र-छात्रा डबल्समा १४-१४ टिमको सहभागिता रहेको छ ।

# जनप्रियलाई ४० रोपनी जग्गा उपलब्ध गराउँछु : मन्त्री थापा



पोखरापत्र संवाददाता
पोखरा, २५ मंसिर

गण्डकी प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री दीपेन्द्रबहादुर थापाले ४ हजार विद्यार्थी अध्ययन गर्ने जनप्रिय क्याम्पसलाई ४० रोपनी जग्गा उपलब्ध गराउन प्रतिवद्ध भएको बताए ।

जनप्रिय बहुमुखी क्याम्पसको ३२ औं वार्षिकोत्सवका अवसरमा प्रमुख आमन्त्रित थापाले मानित विश्वविद्यालयका लागि आवश्यक जग्गा, भौतिक पूर्वाधार, भवन निर्माणका लागि आफू र प्रदेश सरकार प्रतिवद्ध रहेको जनाए। थापाले दुईपटकसम्म मुलकभरिकै उत्कृष्ट सामुदायिक क्याम्पस र गुणस्तर सुनिश्चितताको प्रमाणपत्र पाएको जनप्रिय क्याम्पसको गुणस्तरले खुशी लागेको बताए । भौतिक पूर्वाधार र शैक्षिक गतिविधि उत्कृष्ट रहेकाले विद्यार्थीको बद्दो आकषर्णलाई ध्यान दिई दक्ष जनशक्ति उत्पादनमा प्राविधिक र सिपमुलक शिक्षा दिन आग्रह गरे । क्याम्पसका पूर्व कार्यवाहाक अध्यक्ष परशुराम बरालले क्याम्पसले देखेका सपना साकार बनाउन र रूपान्तरणका लागि पूराना चिज छोडेर नयाँ कार्यक्रम लागु गर्न नेतृत्व सक्षम हुनुपर्ने धारणा राखे । प्राध्यापकले राम्रो पठनपाठन गराउँदा गुणस्तर कायम रहने भएकाले त्यसतर्फ क्याम्पस अग्रसर रहन आग्रह गरे । क्याम्पस प्रमुख लोकराज भण्डारीले क्याम्पसको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै जेएमसीले शैक्षिक गुणस्तर कायम राख्न अनुसन्धान र प्रकाशनमा जोड दिने प्रतिवद्धता सहित ५ वर्षे रणनीतिक योजना अनुरूप मानित विश्वविद्यालय बनाउन लागेको बताए । पुस्तकालयलाई आधुनिक र प्रविधिमैत्री बनाउँदै ५० हजारभन्दा बढी विषयगत पुस्तक राखिएको क्याम्पसबाट उत्पादित ८ सय ८८ दक्ष जनशक्तिको ट्र्यासर स्टडी गरिएको छ । विश्वविद्यालय अनुदान आयोगबाट गुणमापन तथा प्रत्ययानको प्रमाणपत्र प्राप्त क्याम्पसले स्वयत्त कार्यक्रम अन्तर्गत स्नातकतह पर्वतीय पर्यटन व्यवस्थापन र एमविए इन हस्पिटालिटी म्यानेजमेन्ट चलाइरहेको भण्डारीले उल्लेख गरे ।

क्याम्पस प्रमुख भण्डारीले गरिब तथा जेहन्दार, पिछडिएका क्षेत्रबाट आउने विद्यार्थीलाई १० प्रतिशत छात्रावृत्ति सुविधा छुट्याएको क्याम्पसले चालु आर्थिक वर्षका लागि २० करोड बढीको अनुमानित बजेट तर्जुमा गरेको जानकारी दिए । वार्षिकोत्सव कार्यक्रममा सञ्चालक समितिका अध्यक्ष वीरेन्द्रनारायण विजुक्छे, सहायक क्याम्पस प्रमुख मेखराज पौडेल, पूर्व क्याम्पस प्रमुख पीताम्बर शर्मा नेपाली, पब्लिक क्याम्पस प्राध्यापक संघ जनप्रिय इकाइका अध्यक्ष विकास थापामगर, कर्मचारी संघका अध्यक्ष देवी पनेरु, विद्यार्थी संघ संगठनका प्रतिनिधि लगाएका वक्ताले शुभकामना मन्तव्य राख्दै क्याम्पसलाई केन्द्रमा राखेर यसको मर्मअनुसार अगाडि बढ्न जोड दिएका थिए । उत्कृष्ट कार्यसम्पादन गरेका प्राध्यापक डा. चुडामणि कर्डेल र कर्मचारी कर्मचारी कुमार गुरुङलाई नगद, कदरपत्र र दोसल्ला आढाएर सम्मान गरिएको थियो । संस्थापक क्याम्पस प्रमुख गणेशमान पालिखेको स्मृतिमा स्थापित पुरस्कारबाट कर्मचारी ठूलीमाया विश्वकर्मा सम्मानित भएकी छिन् । विभिन्न संस्था तथा व्यक्तिद्वारा स्थापित अक्षयकोषबाट उत्कृष्ट शैक्षिक नजिता ल्याउने विद्यार्थीलाई छात्रावृत्तिको नगद रकम र प्रमाणपत्र हस्तान्तरण गरिएको थियो । त्यस्तै अतिरिक्त क्रियाकलाप अन्तर्गत भलिवल, ब्याडमिन्टन, रस्साकसी, बास्केटबल, टेवुलटेनिस, नृत्य, हाजिरीजवाफ, कविता, निबन्ध, वक्तृत्वकला, बुद्धिचाल, चित्रकला प्रतियोगिताका बितेजालाई प्रमाणपत्र, शिल्ड, मेडल, नगद पुरस्कार प्रदान गरिएको थियो । प्रातः र दिवा सत्रमा ४ हजारभन्दा बढी विद्यार्थी अध्ययन गर्ने जनप्रिय क्याम्पसले देशभरिका १ हजार ९६ सामुदायिक क्याम्पस मध्ये २०७२ र २०७३ मा शिक्षामन्त्रालयबाट उत्कृष्ट क्याम्पसको पुरस्कार पाइसकेको छ । विश्वविद्यालय अनुदान आयोगको छनौटमा परेको जेएमसीले दुई पटक गुणमापन तथा प्रत्ययानको प्रमाणपत्र पाएर गुणस्तर सुनिश्चितताको कसीमा अब्बल ठहरिएको छ ।




## पोखरा ...

म्यापको डमी उद्घाटन गरेका हुन् ।

सेल्डनले निकट भविष्यमै डिजिटल नक्सा राख्ने र हाललाई डमीका रुपमा उक्त नक्सा संग्रहालयमा राखिएको जानकारी दिइन् । 'पछि यहाँ ठूलो डिजिटल नक्सा राख्ने गरी तयारी भइरहेको छ । यसमा यहाँ अवलोकन गर्न आउने दर्शकले स्क्रिनमा जुन ठाउँमा छुन्छन्, त्यसपछि प्रश्नोत्तरसहित जानकारी लिन सक्नेछन्,' उनले भने ।

उक्त नक्साले नेपालको भूगोलसहित जीवनशैली तथा जैविक विविधता बुझ्न मद्दत गर्ने विश्वास संग्रहालयकी कार्यकारी अधिकृत निर्मला न्यौपानेको छ । उनले भनिन्, 'यो नक्सा स्थापना भयो संग्रहालय अझ डिजिटल बन्ने नै छ । अवलोकनकर्ताले देश बुझ्न अझ सहयोग पुग्ने विश्वास लिएका छौं ।'शुक्रबारबाट सुरु भएको महोत्सव मंगलबार सकिँदैछ । महोत्सवमा पर्वतीय जनजीवन र कीर्तिमानी आरोहीबारे डकुमेन्ट्री देखाइएको महोत्सव संयोजक जिनेश सिन्दुराकारले जानकारी दिए । महोत्सवमै नेपाल पंक्षी संरक्षण संघसँगको सहकार्यमा 'साइलेन्ट बर्डस' नामक गिद्ध संरक्षणबारे जनचेतनामूलक नाटक पनि देखाएको थियो ।

**शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं**

◆ दिसापिसाब शौचालयमा मात्र गरौं, खुल्ला स्थानमा दिसापिसाब नगरौं ।
◆ दिसापिसाब गरिसकेपछि साबुनपानीले हात धोऔं ।
◆ हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं ।
◆ सफा कपडा वा तौलियाले हात पुछौं ।

जीवाणुलगायतको संक्रमणबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं ।


**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

आशा गरिवको सबै भन्दा ठूलो सम्पत्ति हो ।
- एल्फेड डे

## सम्पादकीय

# बद्दैछ भ्रष्टाचार

भ्रष्टाचारको बिरुद्ध काम गर्नेअन्तर्राष्ट्रिय संस्था ट्रान्सपरेन्सी इन्टरनेसनलले जारी गरेको सूचकमा नेपाल बढी भ्रष्टाचार हुने मुलुकमध्ये ११० औं स्थानमा परेको छ । १८० देशहरु मध्ये नेपाल जम्मा सय पूर्णाङ्कको अङ्क भारमा ३४ अङ्क प्राप्त गरेर नेपाल भ्रष्टाचार व्याप्त मुलुकको यो सूचीमा परेको छ । गठबन्धनको सरकारले केही ठुला भ्रष्टाचारजन्य अपराधलाई कारबाहीको दायरामा ल्याउन केही प्रचारात्मक काम गरेको थियो । आमनागरिकमा केही आशा जागेको थियो।जब सुन काण्डमा सत्तारुढ दलका नेताको संलग्नताको समाचारहरु आए त्यसमा ब्रेक लाग्यो । पछिल्लो समय एनसेलको शेयर खरिद बिक्रीमा प्रधानमन्त्रीको सचिवालय र गठबन्धन दलका नेताको मिलेमतो भएको आशंकाले सरकारबाट भ्रष्टाचार रोकिने आश मरेको छ ।

देशको नीति र विधि बनाउने ठाउँमा धनाढ्य, व्यापारी, ठेकेदार पुगेपछि जनताको हितमा कार्यक्रम बन्दैन । व्यापारी, ठेकेदार र विचौलीयाको हित गर्ने थलो संसद बनेपछि भ्रष्टाचार झन मौलाउँछ । गठबन्धन सरकार बनेपछि आर्थिक अराजकता बढेर गएको छ। हरेक क्षेत्रमा नकारात्मक असर पुगेको छ ।देशमा सुशासनको अवस्था कमजोर हुँदा भ्रष्टाचार बढेर गएको छ । सार्वजनिक सेवामा हुने ढिलासुस्ती, भनसुन र घुस दिनुपर्ने अवस्थामा सुधार आउन सकेको छैन । सरकारी कार्यालयमा घुस नखाई काम हुँदैन भन्ने जनमानसमा परेको छ । अझ नीति निर्माण तहमा हुने भ्रष्टाचार र राजनीतिक संरक्षणका कारण नेपालको छवि अन्तर्राष्ट्रिय क्षेत्रमा विग्रदै गएको छ ।

भ्रष्टाचार नियन्त्रणका लागि संबैधानिक अंग अख्तियार दुरुपयोग अनुसन्धान आयोगजस्ता भ्रष्टाचार नियन्त्रण गर्ने निकायलाई कमजोर बनाउन खोजिएको छ । अदालतबाट केही विवादास्पद फैसला र सरकारी निकायका अनुत्तरदायि ब्यवहारले पनि भ्रष्टाचारलाई बढाएको छ । अदालत भ्रष्टाचारी जोगाउने र धनीले न्याय किन्ने ठाउँ भएको छ । वकिल, न्यायाधीश र अदालतका कर्मचारीलाई विचौलीयाले खेलाउने गरेको विभिन्न अध्ययन प्रतिवेदनले औंल्याएका छन। अख्तियारले पनि केही सक्रियता देखाएको हुँदा भ्रष्टाचारमा मुद्दा दायर भएका छन।तर विशेष अदालत र सर्वोच्च अदालतले अख्तियारलाई हराउने र भ्रष्टाचारीलाई जोगाउने काम भएको छ । अख्तियारले भ्रष्टाचारीलाई कार्वाही गर्न थालेपछि जनतामा अख्तियारप्रति विश्वास जागेको थियो । अख्तियारको कामलाई निरुत्साहित गर्न संबैधानिक परिषद्ले गरेको सिफारिसलाई प्रश्न उठाइएको छ ।

नियुक्ति विरुद्ध सर्वोच्चमा मुद्दा परेको छ।अख्तियारलाई ढुक्कसँग काम गर्न नदिन यी सबै काम भएका छन।भ्रष्टाचार नियन्त्रण गर्न सुशासन प्रवर्द्धन, पक्षपातरहित बजेट र सेवामा सरोकारवालाको पहुँचलाई जोड दिनुपर्छ । त्यस्तै, राजनीतिमा पैसाको प्रभावलाई न्यूनीकरण, स्वार्थको द्वन्द्वको सम्बोधन, निर्णय प्रक्रियामा सरोकारवालाको अर्थपूर्ण पहुँच हुनुपर्छ।संयुक्त राष्ट्रसंघको भ्रष्टाचार विरुद्धको महासन्धि सदस्य राष्ट्रहरूद्वारा अनुमोदन गर्न सन् २००३ डिसेम्बर ९ मा खुल्ला गरिएको थियो । त्यसैबेलादेखि भ्रष्टाचारको सम्भावना न्यून गर्दै सदाचारका प्रयास बढाउन जरुरी भएको छ । संयुक्त राष्ट्र संघीय महासन्धिका प्रावधान बमोजिम नेपाली ऐन-कानूनमा आवश्यक सुधार र थप नयाँ कानूनको निर्माणतर्फ यथाशिघ्र आवश्यक कदम चाल्न पर्दछ ।

सरकारी कार्यहरू थप पारदर्शी एवं प्रभावकारी र चुस्त बनाउँदै भ्रष्टाचारको सम्भावना न्यून गर्न सरकार चनाखो हुनैपर्छ । नेपालमा भ्रष्टाचार बढ्दो क्रममा रहेको र सरकारी भ्रष्टाचार नै प्रमुख समस्या रहेको भन्ने अध्ययनहरुले उल्लेख गरेका छन। भ्रष्टाचार विरुद्ध नागरिक सचेतना बढाउन, भ्रष्टाचार भनेको नियमित प्रक्रिया होइन भन्ने अवधारणा व्यक्ति र समाजमा अभिवृद्धि गर्न र जनचाहना बमोजिम सुशासन कायम गर्न नेपाल सरकार थप क्रियाशील हुनुपर्छ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सम्मान मिल्नेछ |
| वृष | : झमेला बड्ने | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : कार्यमा सफलता | धनु | : मानसिक तनाब |
| कर्कट | : मन चञ्चल | मकर | : शारीरिक झमेला |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# मारुनी नाच संरक्षणमा पित्लेक देउराली सामुदायिक 'होमस्टे'

**पोखरापत्र संवाददाता**
वालिङ, २५ मंसिर

गाउँमा रहेका वृद्धवृद्धा आफ्ना कलिला नातिनातिनासहित मञ्चमा उपस्थित भएर कार्यक्रम देखाए । उनीहरू आएका पाहुनालाई गुरुङ समुदायमा प्रचलित पोशाकमा विभिन्न सांस्कृतिक नाच प्रस्तुत गर्छन् । वैदेशिक रोजगारी वा सहर झर्ने प्रचलनलाई पाखा लगाउँदै नाति नातिनालाई साथमै लिएर सांस्कृतिक कार्यक्रममार्फत पाहुनालाई मनोरञ्जन प्रदान गर्नु यहाँको विशेषता हो ।

गाउँमा रहेका १८ घरधुरीलाई समेटेर 'पित्लेक देउराली सामुदायिक घरबास 'होमस्टे' सञ्चालन गरेका यहाँका बासिन्दाले आफ्नो भाषाशैली तथा संस्कृतिलाई जोगाइराख्नका लागि नयाँ पुस्तालाई अभिप्रेरित गर्दै आएको घरबास (होमस्टे) का अध्यक्ष भुपेन गुरुङले बताउनुभयो । "हाम्रो संस्कार संस्कृतिको संरक्षण त्यतिबेलामात्रै हुन्छ जतिबेला नयाँपुस्तालाई हस्तान्तरण गर्न सकिन्छ", उहाँले भन्नुभयो, "नयाँ पुस्तामा संस्कृति हस्तान्तरण गर्नका लागि गाउँमै रहेका ज्येष्ठ बुवाआमाले आफ्ना नातिनातीनालाई प्रशिक्षण दिए, जसको फलस्वरुप ससाना भाइबहिनी नाचगान तथा वाद्यवादन गर्नसक्ने भएका छन् ।" विशेषगरी गुरुङ समुदायमा प्रचलित रहेको मारुनी तथा ख्याली नाँच र त्यसमा प्रयोग हुने बाजा बजाउन युवा पुस्तालाई सिकाउने गरी प्रशिक्षण दिइएको अध्यक्ष गुरुङले बताउनुभयो । उमेरले चार बीस पुग्नुभएका स्थानीय नैनाबहादुर गुरुङ तथा ७१ वर्षीय बौबहादुर गुरुङ आफैं सहभागी भई नातिनातीनालाई मारुनी, ख्याली तथा वाद्यवादन सिकाउनुभएको हो । गाउँमा आउने पाहुनाहरुलाई अन्य गीत सङ्गीतभन्दा पनि आफ्नै मौलिक कलासंस्कृति प्रदर्शन गर्नसकेमा संस्कृति संरक्षण हुने देखेर प्रशिक्षण गरिएको घरबासका सचिव तिलक गुरुङले बताउनुभयो ।

हजुरबुवा, हजुरआमा तथा नातिनातीनाहरु एउटै मञ्चमा उपस्थित भई नाच गान गर्दाको क्षण साँच्चिकै त्यहाँ पुग्ने पाहुनाका लागि निकै मनमोहक र रोमाञ्चक देखिन्थ्यो । एकहत्तर वर्षीय बौबहादुर गुरुङ आफैं मादल बजाउँदै बडो फुर्तिलो तरिकाले नाँच्दै नयाँ पुस्तालाई सिकाउँदै गर्दा सहजै अनुमान गर्न सकिन्थ्यो कि संस्कृति संरक्षणमा अन्तरमनैदेखि चासो छ । आफ्ना बाउबाजेबाट सिकेको सीप नयाँ पुस्तालाई हस्तान्तरण गर्न सकिएन भने कुनै दिन हाम्रो संस्कृति लोप भएर जानसक्ने भएकाले नयाँ पुस्तालाई मारुनी नाँच संरक्षणमा सहभागी गराइएको बौबहादुर गुरुङले बताउनुभयो । "मारुनी नाच रामायण र कृष्ण चरित्र कथामा आधारित रहेर नाँच्ने गरिन्छ", उहाँले भन्नुभयो, "नयाँ पुस्ताले पनि सक्रियताकासाथ सिकिरहेका छन्, अहिले पाहुनालाई तिनै नाच सांस्कृतिक कार्यक्रममा देखाउने गर्छौं ।" आफ्ना हजुर बुवा हजुरआमाहरुसित सँगै एउटै मञ्चमा सिक्दै नाँच्न पाउनु आफूहरुका लागि गौरवको कुरा भएको रोजिना रानाले बताउनुभयो । हजुरबुवा, हजुरआमाहरुसित नाँच्दै गाउँदै गर्दा मारुनी र ख्यालीसम्बन्धी गाउन र नाच्नसक्ने भएको उहाँको भनाइ थियो । यहाँ २०६८ सालदेखि पाहुना राख्न थाले पनि २०७६ सालमा विधिवत्रुपमा दर्ता गरी घरबास सञ्चालनमा आएको रोजिनाको भनाइ थियो । स्याङ्जाको वालिङ बजारबाट झण्डै सात किलोमिटरको दूरीमा पर्ने पित्लेक डाँडामा अवस्थित छ पित्लेक देउराली सामुदायिक घरबास (होमस्टे) ।

अधिकांश गुरुङ र केही मगर समुदायको बसोबास रहेको पित्लेक वालिङ बजारबाट सबैभन्दा नजिकको दूरीमा रहेको घरबास हो । पहाडको टाकुरामा रहेको पित्लेक सांस्कृतिक, पर्यटकीय एवं कृषिका लागि प्रचुर सम्भावना भएको गाउँ पनि हो । गुरुङ तथा मगर समुदायको पोशाकमा लामबद्ध भई गाउँमा आएका पाहुनालाई फूलमाला तथा अबिरद्वारा स्वागत गर्न त्यहाँका आमाहरुलाई भ्याइनभ्याइ हुन्छ । पाहुनाहरुलाई पारिवारिक वातावरणमा स्वागत सत्कार तथा बसोबासको व्यवस्था मिलाइने भएकाले पनि कतिपय बिदाइका क्षण नरमाइला हुने गरेको स्मरण स्थानीय ज्येष्ठ नागरिक महेश गुरुङले बताउनुभयो । ।

"देश तथा विदेशबाट आएर यहाँ बस्ने पाहुना घरपरिवारकै सदस्य जस्तै भएर बस्ने गर्नुहुन्छ", उहाँले भन्नुभयो, "बिदाइ गर्ने दिन घरकै सदस्यलाई पठाएजस्तो हुँदा नरमाइलो पनि हुनेरहेछ ।" यो घरबासमा साठी जनासम्मको आवास सुविधा रहेको छ । पहाडको टाकुरामा रहेकाले पनि यहाँबाट अन्यत्रका धेरै ठाउँसहित मनमोहक हिमदृश्य सजिलै देख्न सकिन्छ । वालिङ बजारबाट केही कालोपत्रे र केही कच्ची सडक हुँदै यहाँसम्म पुग्न सकिन्छ । यहाँसम्म पुग्ने कच्ची सडक कठिन र ग्रेडिङ नमिलेको उकालो भएकाले यसको स्तरोन्नतिका लागि स्थानीयले माग गरेका छन् ।

# विदेशबाट फर्केर सामूहिक माछापालन

**पोखरापत्र संवाददाता**
म्याग्दी, २५ मंसिर

वैदेशिक रोजगारीमा भनेजस्तो कमाइ नभएपछि स्वदेश फर्केर पश्चिम म्याग्दीको मालिका गाउँपालिका–३ का तीन जना युवाले सामूहिक माछापालन गरेका छन् । स्थानीय पूर्णबहादुर रोका, तेजेन्द्र बुढा र यमेन्द्र रोकाले मालिका–३ मा पर्ने टिमुरे खोलामा सामूहिक माछापालन थालेका हुन् । उक्त सामूहिक माछापालन पश्चिम म्याग्दीका लागि उदाहरणीय व्यवसाय बनेको छ ।

पूर्ण कतारमा छ र यामेन्द्र तीन वर्ष तथा तेजेन्द्र बहराइनमा तीन वर्ष काम गरेर स्वदेश फर्किएपछि सामूहिक माछापालनमा लाग्नुभएको हो । टिमुरे खोला नजिकैको आठ रोपनी जग्गा भाडामा लिएर उहाँहरुले सामूहिक रूपमा ट्राउट जातका माछा पाल्नुभएको छ । २० लाख लगानीमा माछापालनका लागि १० पोखरी निर्माण गरिएको पूर्णले जानकारी दिनुभयो । विसं २०७९ कात्तिकदेखि मालिका रेन्बो ट्राउट फर्म दर्ता गरी माछापालन व्यवसाय सुरु गरिएको उहाँले बताउनुभयो । "सुरुमा रू आठ लाखको लगानीमा छ वटा पोखरी (रेसवे) निर्माण गरी माछापालन थालनी गर्‍यौं । अहिले १० पोखरी निर्माण गरेका छौं", उहाँले भन्नुभयो । गण्डकी रेन्बो ट्राउटबाट १० हजार अण्डा ल्याएर ह्याचिरिङ गरिएको जनाउँदै पूर्णले करिब नौ महिनामा माछा बिक्रीका लागि तयार हुने बताउनुभयो । अहिले पोखरीमै भुरा उत्पादन हुने भन्दै १२ हजार बढी माछा हुर्किरहेका उहाँले जानकारी दिनुभयो । पूर्णका अनुसार पहिलो वर्ष सात सय केजी बढी माछा बिक्री भएको थियो । यस वर्ष दुई हजार केजी उत्पादन गर्ने लक्ष्य रहेको उहाँको भनाइ थियो । पहिलो वर्षको आम्दानी पनि व्यवसाय विस्तारमा लगाइएको बताउँदै उहाँले यस वर्षदेखि राम्रो आम्दानी लिन सकिने बताउनुभयो । माछापालनका लागि चिसो र बहाव भएको स्वच्छ पानी आवश्यक हुने सञ्चालक पूर्णको भनाइ थियो । वर्षातको समयमा माछाका भुरा बचाउन गाह्रो हुने तेजेन्द्र सुनाउनुभयो । यहाँ उत्पादित माछा नजिकैको दरबाङ बजारसहित सदरमुकाम बेनी र छिमेकी जिल्ला बागलुङसम्म लगिएको उहाँले बताउनुभयो । पहिलो वर्ष प्रतिकेजी रू एक हजार दुई सयमा बिक्री गरिएकामा यस वर्ष भने दानाको मूल्य बढेकाले रू एक हजार तीन सयमा बेच्ने गरिएको तेजेन्द्रले जानकारी दिनुभयो । बजारमा माग बढे पनि पर्याप्त उत्पादन गर्न नसकिएको उहाँको भनाइ थियो ।

उहाँहरुले टिमुरेमा सामूहिक रुपमा आफ्नै रेष्टुराँ पनि सञ्चालन गर्नुभएको छ । पोखरीमा उत्पादित माछा रेस्टुराँमा समेत खपत हुने गरेको माछापालका यमेन्द्रले जानकारी दिनुभयो । माछापालन गरी मनग्य आम्दानी भएकाले विदेशभन्दा नेपालमै फाइदा भएको उहाँको भनाइ थियो । आधुनिक किसिमले पोखरी निर्माण गरेर व्यावसायिक रूपमा माछापालन सुरु गरिएकाले फर्ममा परिवारका अन्य सदस्यलेसमेत साथ दिनुभएको यमेन्द्रले बताउनुभयो ।

मालिका–३ का वडाध्यक्ष मोतीप्रसाद बुढाले गाउँमै युवाको लगानीमा व्यावसायिक माछापालन गरेसँगै अन्य युवाका लागि पनि प्रेरणाको स्रोत बनेको बताउनुभयो । उहाँका अनुसार वडाको ५० प्रतिशत अनुदान कार्यक्रमबाट पोखरी वरिपरी घेरबार गरिएको छ । सरकारबाट पाउने ऋण र अनुदानमा समेत झन्झटिलो प्रक्रिया भएको भन्दै वास्तविक किसानसँग अनुदान पुग्न नसकेको माछापालक रोकाले गुनासो गर्नुभयो । आगामी दिनमा यस व्यवसायलाई अझै विस्तार गर्ने सोच रहेको उहाँले बताउनुभयो ।

# उन्नत जातका गाईभैंसी खरिद गर्नेलाई पालिकाको अनुदान

**पोखरापत्र संवाददाता**
पर्वत, २५ मंसिर

पशुपालनका माध्यमबाट गाउँपालिकालाई आत्मनिर्भर गराउने उद्देश्यले पर्वतको विहादी गाउँपालिकाले उन्नत जातका गाईभैंसी खरिद गर्नेलाई अनुदान दिने भएको छ । दूध उत्पादनमा गाउँपालिकालाई आत्मनिर्भर गराउने उद्देश्यले चालु आर्थिक वर्षदेखि उन्नत जातका गाईभैंसी खरिद गरेबापत अनुदान वितरण गर्न थालिएको हो ।

पालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत अर्जुन रिजालका अनुसार उन्नत जातका गाई वा भैंसी जुनसुकै खरिद गरेर दूध तथा पाडापाडी र बाच्छाबाच्छी उत्पादन गर्नेलाई प्रति गाईभैंसी रू २० हजार अनुदान दिने निर्णय भएको छ । "बढ्दो बसाईंसराइ, शिक्षा तथा रोजगारका लागि अधिकांश युवा सहर पस्न थालेका छन् । स्थानीयस्तरमा रोजगारीका सम्भावना बढाउँदै पशुपालक कृषकलाई व्यावसायिक बनाउन पशुपालनमा आकर्षित गर्न थालिएको हो", उहाँले भन्नुभयो । रिजालका अनुसार योसँगै दूध उत्पादन बढाउने र गाउँगाउँमा सङ्कलन केन्द्र बनाउने कार्यक्रम रहेको छ । लिमे पाराकोटे भैंसी र रैथाने जातका गाईपालन गर्दा कृषकलाई समेत फाइदा नहुने र बाह्रैमास बाह्य जिल्लाबाट दूध तथा दुग्धजन्य वस्तु आयात गर्नुपर्ने अवस्था भएपछि गाउँकार्यपालिकाको बैठकले कृषकलाई अनुदान दिने निर्णय गरेको उहाँको भनाइ थियो । पालिकाभित्र व्यावसायिकरुपमा पशुपालन गर्दै आएका अगुवा कृषक, कृषि फार्म वा कृषि सहकारी संस्था र कृषक समूहले जतिसुकै सङ्ख्यामा खरिद गरे पनि सङ्ख्याको हिसाबले अनुदान वितरण गरिने रिजालले जानकारी दिनुभयो । यस अनुदान कार्यक्रमले कृषकलाई पशुपालनतर्फ प्रोत्साहन गर्नुका साथै स्वयं कृषक र गाउँपालिका पनि दूध, घ्यु, दहीलगायत दुग्धजन्य पदार्थमा आत्मनिर्भर हुने तथा बाह्य क्षेत्रमा निर्यात गर्न सकिने गाउँपालिकाका अध्यक्ष परवीन गुरुङले बताउनुभयो । "स्थानीय जातका गाईभैंसी पाल्न र उन्नत जातका गाईभैंसी पाल्न उही समय, उही मेहनत र उही प्रकारको दानापानी आवश्यक हुन्छ", उहाँले भन्नुभयो, "एउटै खर्च लाग्ने भएपछि उन्नत जातका गाईभैंसी पालेर प्रशस्त आम्दानी गर्न सकिन्छ ।"

अध्यक्ष गुरुङले चालु आवमा यो कार्यक्रमका लागि रू छ लाख विनियोजन गरिएको र आगामी वर्षदेखि कृषकको मागका आधारमा बढाउँदै लैजाने बताउनुभयो । उहाँले यस वर्ष ३० वटा उन्नत जातका गाई वा भैंसी खरिद गर्नेलाई रू २० हजारका दरले वितरण गरिने जानकारी दिनुभयो । रकम अपुग भएमा अर्को वर्ष मिलान गर्नेगरी व्यवस्थापन गरिने उहाँको भनाइ थियो । पालिकाले सूचना जारी गर्दै उन्नत गाईभैंसी खरिद गरेबापत कृषकलाई उपलब्ध गराउने अनुदान कार्यक्रम सञ्चालन मापदण्ड २०७७ बमोजिम त्यस्ता पशु खरिद गर्नुपुर्व गाउँपालिकाबाट स्वीकृत लिनुपर्ने जनाएको छ । खरिद गरेपछि निवेदन र कृषकको नागरिकता, खरिद गर्नुपूर्व लिइएको सिफारिस, वडाको सिफारिस, कम्तीमा तीनदेखि पाँच वर्ष गाईभैंसी व्यावसायिकरुपमा पल्ने प्रतिबद्धतापत्र, बीमा पोलिसी तथा खरिद गरेको गाई वा भैंसीको तस्विर उपलब्ध गराएर भुक्तानी लिन सकिने लेखा अधिकृतसमेत रहनुभएका निमित्त प्रमुख प्रशासकीय अधिकृत रिजालले बताउनुभयो ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

# हार्दिक श्रद्धाञ्जली



जन्मः
वि.स. १९९६/०५/१० गते
शनिबार

स्वर्गारोहणः
वि.स. २०८०/०८/१८ गते
सोमबार

**स्व. राम माया श्रेष्ठ**

यस श्री बालगोपाल भजन कृतन सेवा समितिका सक्रिय सदस्य हर्क बहादुर श्रेष्ठ, अशोक कुमार श्रेष्ठ, स्व.मदन कुमार श्रेष्ठ, लक्ष्मी कुमार श्रेष्ठ, भिम कुमार श्रेष्ठका ममतामयी माता **श्रीमती राम माया श्रेष्ठ**को आफ्नै निवासमा भएको असामयिक स्वर्गारोहणले हामीलाई स्तब्ध तुल्याएको छ । यस दुःखद घडीमा आज नवौं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं, साथै शोकसन्तप्त परिवारजनहरुप्रति धैर्य धारण गर्ने शक्ति प्रदान गरुन् भनी श्री भगवती मातासँग प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**अध्यक्ष**
**तथा**
**श्री बालगोपाल भजन कृतन सेवा समिति परिवार**
**गौडाकोमुख, भद्रकालीचोक, पोखरा-१३**

# अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना इलाका सरक्षण कार्यालयको वार्षिकोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, २५ मंसिर




"समृद्धिका लागि संरक्षण" भन्ने मुल नारामा साथ राष्ट्रिय प्रकृति संरक्षण कोष अन्नपूर्ण सरक्षण क्षेत्र आयोजना इलाका सरक्षण कार्यालय,ल्वाङ्ग,कास्कीको ३७ औं वार्षिकोत्सव तथा संरक्षण दिवस आइतवार विभिन्न कार्यक्रमका विच सम्पन्न गरेको छ।

अन्तर मा.वि स्तरीय हजिरी जवाफ प्रतियोगिता तर्फ उदय मा.वि धम्पुस प्रथम, माछापुच्छ्रे मा.वि भुर्जुङखोला द्धितिय,वराह मा.वि मिडावारी तृतीय र निस्पक्ष मा.वि रिभानले सान्तवना स्थान हांसिल गरेको छ। प्रथमले नगद रु ८ हजार ,द्धितियले नगद रु ६,हजार, तृतीयले नगद रु ४ हजार र सान्तवनाले नगद रु २ हजार साथमा प्रमाणपत्र पाप्त गरे । अन्तर अधारभुत विद्यालय कक्षा ६ देखि ८ का विधार्थी विच भएको चित्रकला प्रतियोगितामा निस्पक्ष मा.विका संधर्ष गुरुङ प्रथम, बम बहादुर घलेल आ.विका जविन वि.क द्धितिय, तारे वराह आ.विका सरोज दाहाल तृतीय र सरस्वती आ.विका सुसान्त तामाङले सान्तवना स्थान हासिल गरे। प्रथमले नगद रु २ हजार ५ सय, द्धितियले २ हजार ,तृतीयले १ हजार ५ सय साथै सान्तवनाले नगद १ हजार साथमा प्रमाणपत्र पाप्त गरेका छन् । अन्तर वडा स्तरीय महिला समुह सांस्कृतिक नृत्य प्रतियोगिता तर्फ वडा न. २ महिला समुह प्रथम, वडा न.८ महिला समुह द्धितिय ,वडा न.३ महिला समुह तृतिय र वडा न. ७ महिला समुह सान्तवना भयो । प्रथमले नगद रु १२ हजार, द्धितियले नगद रु ९ हजार, तृतियले नगद रु ६ हजार र सान्तवना समुहले नगद रु ३ हजार साथमा प्रमाणपत्र पाप्त गरे। अन्तर कृषक फलफूल प्रर्दशनी प्रतियोगितामा रिकेस रानाभाट प्रथम ,द्धितिय चित्रलाल अधिकार ी,तृतीय देविलाल शर्मा र सान्तवना मनपति अधिकारीले पाप्त गरे । प्रथमले नगद रु २ हजार, द्धियिले नगद रु १ हजार ५ सय, तृतीयले १ हजार र सान्तवनाले नगद रु ५ सय साथमा प्रमाणपत्र पाप्त गरेका छन् । कृषक तरकारी वाली प्रर्दशनी प्रतियोगितामा पुर्णलाल अधिकारी प्रथम,मनपति अधिकारी द्धितिय, विर बहादुर नेपाली तृतीय र अमृत कुमारले सान्तवना स्थन हासिल गरे । प्रथमले नगद रु २ हजार,द्धितियले रु १ हजार ५ सय, तृतीयले रु १ हजार र सान्तवनाले रु ५ सय साथमा प्रमाणपत्र पाप्प गरेका छन् । सोहि अवसरमा आयोजक र माछापुच्छे गाउँपालिकाका जनप्रतिनिधिहरु बिच भएको मैत्रीपुर्ण भलिबल खेलमा गाउँपालिकाले आयोजलाई पराजित गरेको थियो । कार्यक्रमलाइ सम्वोधन गर्दै माछापुच्छे गाउँपालिका अध्यक्ष मिन व. गुरुङले सम्बृद्ध माछापुच्छेको सपनालाई पुर्णता दिन संरक्षण क्षेत्र र स्थानीय सरकार सञ्चाल एन विच बाजिएका केहि कानुन, निर्देशीका ,नियावालीलाई सच्चाउन अवस्यक रहेको मा जोड दिनु भयो । कार्यक्रममा राष्ट्रिय प्रकृति संरक्षण कोष,अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना प्रधान कार्यालय पोखराका डा.रविन कडरिया,माछापुच्छे गाउँपालिका उपाध्यक्ष सिता अधिकारी,अनुगमन तथा मूलयांकन संयुक्त समितिका अध्यक्ष दल वहादुर गुरुङ, सरक्षण क्षेत्र आयोजना इलाका सरक्षण कार्यालय ल्वाङ्गका प्रमुख लेखनाथ गौतम, संरक्षण क्षेत्र व्यवस्थापन समिति घाचोकका अध्यक्ष रविलाल पोखरेल ,वडा न.१ का अध्यक्ष इन्द्र गुरुङ लगाएतले धारण राख्नु भएको थियो । संरक्षण क्षेत्र व्यवस्थापन समिति लाहाचोकका अध्यक्ष पूर्ण वहादुर शाहीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत संरक्षण क्षेत्र व्यास्थापन समिति सदस्य कृष्ण प्रसाद अधिकारीले र संचालन संरक्षण क्षेत्र व्यवस्थापन समिति लाहाचोकका सचिव अनिष बस्यालले गर्नुभएको थियो ।

# संगम सहकारीको भ्रमण

**पोखरापत्र संवाददाता**
पोखरा, २५ मंसिर



पोखरा १५ राम बजारमा केन्द्रीय कार्यालय रहेको संगम बचत तथा ऋण सहकारी संस्थाले आफ्ना सेयर सदस्यहरुलाई सहकारीको अवलोकनका साथसाथै मनोरञ्जन दिने उदेश्यले स्याङ्जाको मिर्मी , गुल्मीको रुरु क्षेत्र, पाल्पाको तानसेन हुँदै भगवान बुद्धको जन्मस्थल लुम्बिनी सम्मको भ्रमण सम्पन्न गरेको छ।

उपाध्यक्ष बुद्धिमान थापाको नेतृत्व र शिक्षा उपसमिति संयोजक तिलक थापाको संयोजकत्वमा भएको उक्त भ्रमण कार्यक्रमकै सिलसिलामा भैरहवामा रहेको जन उत्थान बचत तथा ऋण सहकारी संस्थाको अवलोकन समेत गरेको थियो । सोही अवसरमा भएको अन्तरक्रिया कार्यक्रममा बोल्दै उपाध्यक्ष थापाले एशियाली मापदण्ड एक्सेस सिल्वर ब्रान्ड प्राप्त सहकारीको अवलोकन गर्न पाउँदा खुसी लागेको र यहाँबाट प्राप्त ज्ञानले संगम सहकारीको श्रीवृद्धिमा समेत मद्धत पुग्ने बताए।

संस्थागत प्रस्तुति दिदै जन उत्थानका ब्यवस्थापक रण बहादुर थापाले नियमित मासिक बचत सहकारीको मेरुदण्ड भएको बताए । साथै उनले सहकारी असल बन्नुमा संचालक समिति र उच्च पदस्थ कर्मचारीको महत्त्वपूर्ण भुमिका हुने बताए।

लुम्बिनी ,रुरु क्षेत्र , भैरव स्थान जस्ता धार्मिक महत्त्व बोकेका तिर्थस्थलहरुको दर्शन गर्न पाएकोमा जेष्ठ सदस्य इस्वरी प्रसाद सुबेदीले खुसी व्यक्त गरे। भ्रमणकै अवसरमा खोलिएको चिठ्ठा कार्यक्रममा पहिलो , दोस्रो र तेस्रो भएका सेयर सदस्यहरु लोक प्रसाद गुरुङ , बेत बहादुर थापा र जुना सुनारलाई जेष्ठ सदस्य सुवेदी र उपाध्यक्ष थापाले पुरस्कार बाँडेका थिए । डुङ्गा सयर र साइक्लिङमा रमाएका सहभागीहरुले खुसी व्यक्त गर्दै आगामी दिनमा समेत भ्रमणको निरन्तरताको अपेक्षा गरे । भ्रमणले आन्तरिक पर्यटन प्रवर्द्धनमा सघाउ पुगेको संयोजक थापाले बताए।

# बागलुङका गाउँ-गाउँमा किबी खेतीको लहर

**पोखरापत्र संवाददाता**
बागलुङ, २५ मंसिर

बागलुङमा थोरै लगानीमा राम्रो आम्दानी गर्ने उत्कृष्ट फलफूल खेतीको रुपमा किबीलाई लिन थालिएको छ । पछिल्लो समय शिक्षा, रोजगारलगायत कारणले बसाइँसराइ गर्नेको सङ्ख्या बढ्दै गएपछि बाँझो खेतीयोग्य जग्गाको सदुपयोग गर्दै गाउँगाउँमा किबी खेतीको लहर चलेको हो।

गाउँमा उत्पादन भएको किबी अहिले बागलुङ बजारमा देख्न सकिन्छ । केही वर्ष पहिलासम्म आयात गरिएको किबी बिक्री गर्दै आएका बागलुङका फलफूल व्यवसायी अहिले स्थानीयस्तरमा उत्पादित किबी बिक्री हुन थालेको बताउँछन्। बागलुङ नगरपालिका-८ सिगानाका पूर्व वडाध्यक्ष जीतबहादुर जिसीले किबी खेती गर्न थालेको दुई वर्षभयो। पहिलो वर्ष थोरै उत्पादन भएकाले बजारमा पुऱ्याउन नसकेको बताउँदै उहाँले यस पटक बजारमा पठाउन थालिएको जानकारी दिनुभयो । "आफू वडाध्यक्ष हुँदा किसानलाई सुन्तला र फलफूल खेतीमा आकर्षण गरेको थिएँ। अहिले आफैँले खेती गर्दा राम्रो उत्पादन भएको छ", उहाँले भन्नुभयो। पछिल्लो समय जिसी मात्रै होइन बागलुङका गाउँ-गाउँमा किबी खेती विस्तार हुँदै गएको छ । बागलुङमा पछिल्लो समय बागलुङमा एक सय भन्दाबढी किसान किबी खेतीमा लाग्नुभएको छ । काठेखोला गाउँपालिका-५ बिहुँका खिमानन्द कँडेलले उत्पादन गरेको किबी बागलुङ बजारहुँदै चितवन पुगेको बताउनुभयो। पहाडी जग्गाको सदुपयोगसँगै बहुगुणी फलको राम्रो सम्भावना रहेको उहाँको भनाइ थियो। गतवर्ष चार हजार केजी बिक्री गर्नुभएका बागलुङका पुराना किबी किसान मेहरसिंङ पाइजाले यसवर्ष भने असिनाका कारण उत्पादनमा गिरावट आएको बताउनुभयो।

# सुन्तलाको बगैँचा पस्न डराउँछन् दोसल्लेवासी

**पोखरापत्र संवाददाता**
म्याग्दी, २५ मंसिर



म्याग्दीको अन्नपूर्ण गाउँपालिका-७ दोसल्लेका प्रेम पाइजा बगैँचामा फलेको सुन्तलाको दाना कसरी टिप्ने भन्ने चिन्तामा हुनुहुन्छ।

दोसल्लेकै रेबहादुर पुनको फल दिने भएका सुन्तलाका बोट बिजुलीको तारले छुन थालेपछि मर्न थालेका छन् । ४२ घरधुरीको बसोबास रहेको दोसल्लेका बासिन्दाले पूरै गाउँमा सुन्तलाखेती गरेका छन्। नौ हजार सुन्तलाको बोट भएको बगैँचाको बीचमा रहेको ११ केभी क्षमताको विद्युतको नाङ्गो तारले हाँगा छुन थालेको छ । बगैँचाभित्र पस्न विद्युत्को करेन्ट लागेर दुर्घटना हुने जोखिम रहेको अन्नपूर्ण गाउँपालिकाका पूर्वउपाध्यक्ष केशमाया मगरले बताउनुभयो । "सुन्तलाको बोटले बिजुलीको वितरण लाइनको तार छोएकाले बगैँचामा जाँदा करेन्टको झट्का आउँछ", दोसल्ले व्यावसायिक सुन्तला कृषक समूहका अध्यक्ष पाइजाले भन्नुभयो, "तारमा छोइएर सुन्तलाको बोट मर्न थालेका छन्। रहेका बोटका सुन्तलाको दाना टिप्न, गोडमेल र मलजलका लागि बगैँचामा पस्दा करेन्ट लागेर दुर्घटना हुने डर छ।" सुन्तलाको बोट हुर्कदै गएपछि हाँगाले नाङ्गो तार छोएर जोखिम बढेको हो । चार सय भोल्टको विद्युत् प्रवाह हुने नाङ्गो तारले छोइएर सुन्तलाका बोट मर्न थालेका हुन्। गोडमेल गर्दा र सुन्तलाको फल टिप्दा करेन्ट लाग्ने जोखिम रहेको स्थानीय बेगबहादुर पाइजाले बताउनुभयो। "सुन्तला बगैँचाभित्र जाँदा करेन्ट लागेर ज्यानै जाला भन्ने डर छ", उहाँले भन्नुभयो, "तारले छोएको बोटको सुन्तला माया मार्नुपर्ने अवस्था छ । बगैँचा पस्दा कता करेन्ट लागेर मरिने हो भन्ने डर छ।" केही दिनअघि दोसल्ले जानुभएका गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर भण्डारीलाई स्थानीयवासीले विद्युतीय दुर्घटनाको जोखिम न्यूनीकरणका लागि नाङ्गो तार हटाएर एबिसी केबुल भएको कालो तार जडान गर्ने व्यवस्था गर्न माग गरेका थिए। "दोसल्लेको विद्युतीय दुर्घटनाको जोखिमको अवस्थाका बारेमा नेपाल विद्युत् प्राधिकरण बेनी वितरण केन्द्रमा जानकारी गराएपछि प्राविधिक टोलीले स्थलगत निरीक्षण गरेको छ", उहाँले भन्नुभयो, "जति सक्दो छिटो नाङ्गा तार हटाएर एबिसी केबुल राख्ने तयारी गरेका छौं ।" सदस्य भण्डारीको नेतृत्वमा आइतबार नेपाल विद्युत् प्राधिकरणको बेनी वितरण केन्द्रका प्रमुख प्रताप बराल, इञ्जिनियर शिव पौडेल, लेखा प्रमुख श्याम रानासहितको टोलीले दोसल्लेको विद्युत् वितरण लाइनको स्थलगत निरीक्षण गरेको छ।

केन्द्रका प्रमुख बरालले सुन्तला बगैँचाभित्र नाङ्गो तारको विकल्पका एबिसी केबुल राख्न प्रक्रिया अघि बढाएको र केही दिनमै तार परिवर्तन गरिने बताउनुभयो । अन्नपूर्ण गाउँपालिकाको दोवा, बेनी नगरपालिकाको बास्कुनालगायत ठाउँमा बस्ती र बगैँचामाथि रहेको विद्युत्को तार व्यवस्थापन गर्न पहल गरिरहेको प्रदेशसभा सदस्य भण्डारीले बताउनुभयो।

# पोखरा रंगशालालाई सञ्चालन र व्यवस्थापनका लागि पहल सुरु, कार्यदल गठन

**पोखरापत्र संवाददाता**
पोखरा, २५ मंसिर




पोखरा रंगशाला सञ्चालन र व्यवस्थापनका लागि प्रदेश खेलकुद परिषद गण्डकीले पहल सुरु गरेको छ । परिषदको निर्देशनमा जिल्ला खेलकुद विकास समिति कास्कीलाई सञ्चालन र व्यवस्थापनका लागि जिम्मेवारी दिएको हो।

परिषदका सदस्य सचिव श्रीधर शर्माको समेत् उपस्थितीमा सोमबार सम्पन्न जिल्ला खेलकुद विकास समिति कास्कीको बैठकले प्रदेश खेलकुद परिषदका कार्यकारी सदस्य दिल बहादुर गुरुङको अध्यक्षतामा पोखरा रंगशाला सञ्चालन तथा व्यवस्थापनका लागि कार्यदल गठन गरेको छ।

सो कार्यदलको सदस्यमा परिषदका सदस्य केशव पाठक, परिषदका सदस्य खगेन्द्र क्षेत्री, परिषदका सदस्य विनय थापा, जिल्ला खेलकुद कास्कीका अध्यक्ष तोरण बहादुर बानियाँ, जिल्ला खेलकुदकी सचिव कन्चन थापा रहेका छन् भने सदस्य सचिवमा जिल्ला खेलकुदका कार्यालय प्रमुख सुन बहादुर लामा रहेका छन्।

त्यसै गरि कार्यदलको सल्लाहकारमा राष्ट्रिय खेलकुद परिषद (राखेप)का सदस्य राजेश कुमार गुरुङ, प्रदेश खेलकुद परिषदका उपाध्यक्ष धोज कुमार गुरुङ, प्रदेश खेलकुदका पूर्व सदस्य सचिव तेज बहादुर गुरुङ र भलिबलका पूर्व अन्तर्राष्ट्रिय खेलाडी हरिप्रसाद पराजुली खेल विज्ञको रुपमा रहेका छन् भने पोखरा महानगरको तर्फबाट एक जना प्रतिनिधी राखिएको छ। गत भदौ २८ गते काठमाण्डौमा संघिय सरकारका यूवा तथा खेलकुद मन्त्री डिग बहादुर लिम्वुको अध्यक्षतामा सम्पन्न राखेपको ११७ औं वोर्ड बैठकले राखेप अन्तर्गत सातै प्रदेशमा रहेका खेल पूर्वाधारहरु प्रदेश खेलकुद परिषद अन्तर्गत व्यवस्थापन गर्न निर्णय गरे बमोजिम प्रदेश खेलकुद परिषद गण्डकीले पोखरा रंगशाला व्यवस्थापन र सञ्चालनका लागि पहल सुरु गरेको सदस्य सचिव श्रीधर शर्माले जनाएका छन् । उनले भने-"माननिय मन्त्रीज्यूले पोखरा नै आएर कानुनको पालना गर्न र वोर्ड तत्काल हटाउन कडा निर्देशन दिनुभएको थियो। जुन विषय ११७ औं वोर्ड बैठकले पारित गरेको छ। हामी मन्त्रीज्यूको निर्देशन संगै वोर्ड बैठकको निर्णयको कार्यान्वयनका लागि अघि बढेका छौं । म परिषद र समग्र खेलकर्मीहरुका तर्फबाट उहाँप्रति आभार व्यक्त गर्न चाहन्छु ।" राष्ट्रिय खेलकुद विकास ऐन २०७७ र प्रदेश खेलकुद विकास ऐन २०७७ लागु भइसक्दा समेत पोखरा रंगशालामा लामो समय सम्म क्षेत्रिय खेलकुद विकास समितिको कार्यालयको बोर्ड हटेको थिएन।

तर राखेपको बोर्ड बैठकको निर्णय र मन्त्री लिम्वुको कडा निर्देशन पछि क्षेत्रिय कार्यालयको बोर्ड हटाइएको थियो । सोमबार सम्पन्न बैठकले पोखरा रंगशाला व्यवस्थापनका लागि कार्यविधि निर्माण गर्ने निर्णय गर्नुका साथै कर्मचारीहरुको व्यवस्थापन, शुरक्षा व्यवस्था, सरसफाई, शौचालयहरुको व्यवस्थापन, पानी, विद्युतलगायतका विषयलाई कार्यान्वयन गर्ने गरि अघि बढ्ने निर्णय समेत गरेको छ।

# सफल पोखरा म्याराथनको तयारीमा जुट्यो मञ्च

**पोखरापत्र संवाददाता**
पोखरा, २५ मंसिर



पोखरा २५ मंसिर- नेपाल भूतपूर्व खेलाडी मञ्च पोखरामा हुने सबैभन्दा ठूलो इभेन्ट सफल पोखरा अन्तर्राष्ट्रिय म्याराथनको तयारीमा जुटेको छ। पोखरामा आयोजना हुने लोकप्रिय अन्तर्राष्ट्रिय म्याराथनका लागि मञ्चले विभिन्न उपसमितिहरु गठन गरि तयारीमा जुटेको हो।

हरेक वर्षको फागुन महिनामा हुने सफल पोखरा अन्तर्राष्ट्रिय म्याराथनको १८ औं संस्करणको आयोजनाका लागि वैदेशिक समन्वयसहित विभिन्न उपसमितिसँगै आगामी शुक्रबार मञ्चले वृहत अन्तरक्रिया कार्यक्रमको समेत आयोजना गरेको छ। मञ्चले सोमबार बैठक बस्दै जिम्मेवारी बाडफाड गरेको अध्यक्ष हरि प्रसाद पराजुलीले जानकारी दिए । उनले म्याराथनको तयारी सँगै संस्थालाई अझ बढी प्रभावकारी बनाउनका लागि पोखरा उद्योग वाणिज्य संघमा शुक्रबार अन्तरक्रिया कार्यक्रमको आयोजना गर्न लागेको जानकारी दिए।

संस्थाका निवर्तमान अध्यक्ष तेज बहादुर गुरुङले मञ्चको गरिमा उचाईमा पुऱ्याउने अग्रज तथा स्वर्गवास भएका व्यक्तिहरुका परिवारसँग थप सल्लाह र सुझाव ग्रहण गर्ने उदेश्यका साथ अन्तरक्रिया कार्यक्रम गर्न लागेको बताए । संस्थाका प्रथम उपाध्यक्ष दिल बहादुर गुरुङले सफल पोखरा म्याराथनलाई थप व्यवस्थित र सुरक्षित बनाउने लक्ष्यका साथ तयारी तिब्र पारिएको सुनाए । बैठकमा सडक सुरक्षा, खेलाडी व्यवस्थापन, स्वास्थ्य लगायत विभिन्न विषयमा गम्भिर छलफल भएको थियो । म्याराथनका लागि समारोह व्यवस्थापन संयोजकमा अध्यक्ष हरि प्रसाद पराजुली, विद्यालय व्यवस्थापनमा प्रथम उपाध्यक्ष दिल बहादुर गुरुङ, प्राविधिक अन्तर्राष्ट्रिय संयोजकमा संस्थापक अध्यक्ष खड्क रानाभाट र निवर्तमान अधयक्ष तेज बहादुर गुरुङ, अनुगमन तथा निरीक्षणमा दिद्धितीय उपाध्यक्ष खेम गुरुङ, स्वास्थ्य व्यवस्थापनमा महासचिव कृष्ण तिमिल्सिना, पर्यटनमा गणेश भट्टराई, आर्थिक व्यवस्थापनमा कोषाध्यक्ष महेश पौडेल, प्रचारप्रसार व्यवस्थापनमा केशव पाठक, सुरक्षा समन्वयमा हरि बहादुर बरुवाल, बसोबासमा दिनेश कुमार श्रेष्ठ, स्वयमसेवक परिचानलमा ओमबहादुर गुरुङ, प्रमाणपत्र तथा मेडलमा पुष्पा श्रेष्ठ, खेलकुद संघ संस्थामा याम बहादुर गुरुङ, सांस्कृतिक कार्यक्रम व्यवस्थापनमा रामबहादुर क्षेत्री, खाजा व्यवस्थापनमा भरत कुमार आले, वस्तुगत प्रायोजक समन्वयमा हरिश्वर पोखरेल, फिजियोथेरापीमा डा. खड्ग सिंह गुरुङ, रुटमा पानी व्यस्थापनमा जुमप्रसाद गुरुङ, संघ संस्था समन्वयमा सम्मर बहादुर श्रेष्ठ, सेलिब्रेटि समन्वय निरज थापा, ह्विचियर र दृष्टिविहिन खेल व्यवस्थापनमा अमृत बराल संयोजक रहेका छन्। यस्तै वैदेशिक तर्फ सुके समन्वय संयोजकमा सल्लाहकार महेश गुरुङ, अमेरिका समन्वयमा सोम गुरुङ, अष्ट्रेलिया समन्वयमा चन्द्र प्रकास गुरुङ, सर्विया समन्वयमा खोप बहादुर गुरुङ र हङहङ समन्वयमा रक्स गुरुङलाई संयोजक रहेका छन्।